# १. श्री भूपालमान सिंह

*[संवत् २०३८ सालको 'मदन पुरस्कार' 'माधवी भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री मदनमणि दीक्षितलाई समर्पण गर्न संवत् २०४० साल आश्विन २५ गते रोज ३ का दिन आयोजित समारोहमा श्री भूपालमान सिंहले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ९६ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानीसाहेबा, पुरस्कार-विजयी विद्वान्, सज्जन र महिलावृन्द !

अधिराज्यको जेठो पुरस्कार यो 'मदन पुरस्कार' वितरण गर्ने समारोहमा यसरी मलाई आमन्त्रण गर्नुभएकोमा सर्वप्रथम म गुठीका सदस्यज्यूहरूप्रति आभार व्यक्त गर्दछु। त्यसमा अझ म यहाँ उपस्थित विद्वान्हरूका तर्फबाट बोल्ने मलाई मौका दिनुभएकोमा म गौरवबोध गर्दछु।

साधारणत: साहित्यक्षेत्र हामीहरूको जीवनबाट केही टाढा छ, तर साहित्यले व्याप्त नगरेको कुन ठाउँ छ र ? राजनीतिमा होस्, कि सामान्य दैनिक जीवन साहित्यबाट अछुता रहेर बस्न सक्तैन। उसमा पनि आफू लेख्ने कार्यमा उति लाग्न नसके पनि साहित्यको रसास्वादन गर्न सकेसम्म म पछि पर्दिनँ। साहित्य र धर्मचर्चा मेरो मन बहलाउनका साधन रही आएका छन्। त्यसउसले पनि 'मदन पुरस्कार' मैले चाख लिने विषय हो।

संवत् २०१२ सालमा 'मदन पुरस्कार' स्थापना भएको म सम्झन्छु। त्यो खबरले मलाई आनन्द लागेको थियो। खास गरेर किनभने जसको नाम चिरस्थायी राख्न यो पुरस्कार स्थापना गरियो, आदरणीय लेफ्टिनेन्ट जनरल मदनशमशेर ज.ब.रा., उहाँसँग मेरो नजिकैको जान-पहिचान तथा सम्पर्क थियो। संवत् १९९५ सालतिर कोशी टप्पूमा ८/१० दिन मैले उहाँसँग सहवास गर्ने अवसर पनि पाएको थिएँ। त्यसैले उहाँको नामकै पुरस्कारको स्थापनाले मलाई त्यसबेला गहिरो स्पर्श गरेको थियो।

राणा परिवारसँग मेरो निकै घनिष्ट सम्बन्ध रहेको हो। त्यस परिवारका एक जना सम्माननीया रानी जगदम्बा हुनुहुन्छ। उहाँबाट आफ्ना स्वर्गीय पतिदेवलाई यो

पुरस्कारको माध्यमबाट अमर गराएर जुन आदर्श खडा गरिएको छ त्यसको जति प्रशंसा गरे पनि पुग्दैन। हुन त सम्माननीय रानीसाहेबबाट अरू पनि सामाजिक र धार्मिक कार्य धेरै भएका छन् तर भाषा सेवाको यो कार्य अति स्तुत्य छ भन्ने मलाई लाग्दछ। म उहाँको अभिनन्दन गर्दछु।

धर्म-चर्चा मेरो एउटा रुचिको विषय हो भनेर माथि भनें। धर्म-चर्चाको क्रममा पुराण वाचन र श्रवण मकहाँ भैरहन्छ। महाभारत मलाई मनपर्ने ग्रन्थ हो। त्यसैको एउटा प्रसङ्गलाई लिएर लेखिएको विद्वान् मित्र श्री मदनमणि दीक्षितको "माधवी" उपन्यास त्यसैले मलाई पनि राम्रो लाग्ने नै भयो। पौराणिक कुरालाई वैज्ञानिक यथार्थता प्रदान गरेर लेख्नु साँच्चै नै गाह्रो काम हो। त्यसमा दीक्षितज्यूलाई सफलता मिलेको छ। पुराणलाई समाजसापेक्ष प्रस्तुत गर्न सफल हुनुभएकोमा म दीक्षितज्यूलाई बधाई ज्ञापन गर्दछु। मदन पुरस्कार गुठीको यो निर्णयको पनि म प्रशंसा गर्दछु।

जय देश, जय नरेश!

☒ ☒ ☒